पाठ १२

# परमेश्वरले तपाईंलाई क्षमा दिनुहुन्छ र सहायता गर्नुहुन्छ।



**परमेश्वरको बारेमा यो सिक्नुहोस्**

परमेश्वरको आशिष खानेकुराभन्दा पनि मूल्यवान हुन्छ।
परमेश्वरले याकूबलाई क्षमा दिनुभयो र आशिष दिनुभयो।
स्वर्ग जानलाई तपाईंको निम्ति परमेश्वरले बाटो
तयार पार्नुभएको छ।
"मैले भूल गरे" भन्नलाई परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ।




यसलाई बाइबलबाट चर्को स्वरमा
पाँचपल्ट पढ्नुहोस्।

**"म परमप्रभु हुँ ... म तँसँग छु, र तँ जहाँसुकै गए तापनि तँलाई रक्षा गर्नेछु।"**
**उत्पत्ति २८:१३, १५**
**"बाटो मै हुँ" भनी येशूले उनलाई जवाफ दिनुभयो।**
**यूहन्ना १४:६**

## के तपाईं यो गर्न सक्नुहुन्छ?

यिनीहरूमध्ये कुनै कुनै प्रश्नहरू पहिलेका पाठहरूमै सोधिएका छन्। तपाईंले सक्नुहुनेजति सबै प्रश्नहरूका उत्तर दिनुहोस्।

१. नमरिकनै स्वर्ग जाने को हो?..............................................

२. कसले जहाज बनायो?..............................................

३. कसले आफ्नो भाइलाई मार्‍यो?..............................................

४. खानेकुराभन्दा पनि मूल्यवान कुरा के हो?..............................



**परमेश्वरको आशिष खानेकुराभन्दा पनि मूल्यवान हुन्छ।**

• देखि • का सबै शब्दहरूका मुनि धर्को तान्नुहोस्।

अब्राहामको छोराले रिबेकालाई विवाह गरे।



तिनीहरू परमेश्वरलाई प्रेम गर्थे। परमेश्वरले तिनीहरूलाई जुम्ल्याह छोराहरू एसाव र याकूबलाई दिनुभयो।

एसाव शिकारी बने। एसाव याकूबभन्दा पहिले जन्मेका थिए। • उनले परमेश्वरबाट विशेष आशिष पाउने अधिकार पाएका थिए। • जेठो छोराले यो जन्म अधिकार पाउँथ्यो। •तर एसाव परमेश्वरको विशेष आशिषमा भन्दा खानेकुरामा चाखदिने व्यक्ति थिए। •

एसावले परमेश्वरलाई प्रेम गरेनन्। उनले आफैलाई प्रेम गरे। एसावले एक कचौरा मासुको लोभमा आफ्नो जेष्ठ अधिकार याकूबलाई बेचिदिए। परमेश्वरको आशिष बेचेकोमा पछि गएर एसाव धेरै दुःखित भए। परमेश्वरको आशिष सबै खानेकुराभन्दा मूल्यवान हुन्छ।

## परमेश्वरले याकूबलाई क्षमा दिनुभयो र आशिष दिनुभयो।

• याकूबले आफ्नो परिवारको निम्ति धेरै खराब कामहरू गरे। •
उनले आफ्ना बाबुलाई भूट बोले र आफ्नो दाजुलाई छल गरे।
उनले एसावको जेष्ठ अधिकारलाई किने
र उनको आशिषलाई चोरिदिए।
• तैपनि परमेश्वरले याकूबलाई प्रेम गर्नुभयो। •

एसावले याकूबलाई मार्न चाहन्थे। एसावबाट बच्नको लागि याकूबले घर छोडेर टाढा भाग्नुपऱ्यो। याकूब जाँदाजाँदै बाटैमा परमेश्वर तिनीसँग सपनामा बोल्नुभयो।



याकूबले पृथ्वीदेखि स्वर्गसम्म पुगेको भऱ्याङ देखे। परमेश्वरले याकूबलाई आशिष दिने प्रतिज्ञा गर्नुभयो।

आफू निद्राबाट बिउँझेपछि याकूब खुशी भए। परमेश्वरले उनलाई अझै पनि प्रेम गर्नुभएको थियो।
• उनले गरेका सबै खराब कामहरूलाई परमेश्वर क्षमा दिन चाहनुहुन्थ्यो। • परमेश्वर उनीसँग गएर असल गर्नको लागि उनलाई सहायता गर्न चाहनुहुन्थ्यो।
• याकूबलाई थाह भयो कि यदि उनले परमेश्वरलाई पछ्याए भने एक दिन परमेश्वरले उनलाई स्वर्गमा लैजानुहुनेछ। •

• परमेश्वरले तपाईंको निम्ति स्वर्ग जाने बाटो बनाइदिनुभएको छ। •
स्वर्ग जाने बाटो येशूनै हुनुहुन्छ। तपाईंलाई बचाउनको निम्ति येशू मर्नुभयो।
• येशूलाई आफ्नो पूरा जीवन भरिनै पछ्याउनुहोस् र उहाँले तपाईंलाई स्वर्गमा लैजानुहुनेछ। •



• परमेश्वरले याकूबको हेरविचार गर्नुभयो। •
याकूब गोठाला बने। उनका धेरै भेडा र बाख्राहरू थिए। परमेश्वरले याकूबलाई परिवार पनि दिनुभयो।

**परमेश्वर "मैले भूल गरें" भन्नको लागि परमेश्वरले याकूबलाई सहायता गर्नुहुन्छ।**






अन्तमा परमेश्वरले याकूबलाई घर फर्कने आज्ञा दिनुभयो। तर एसावले अझैपनि याकूबलाई मार्नखोजिरहेका थिए। याकूबसँग भेट गर्नको लागि एसावले ४०० मानिसहरू लिएर आए। आफूले एसावमाथि गरेको कामप्रति याकूबलाई दुःख लाग्यो। आफ्ना दाज्यूले आफूलाई क्षमा दिएको याकूब चाहन्थे।

• याकूबले परमेश्वरसँग सहायताको निम्ति प्रार्थना गरे। •
परमेश्वरले याकूबलाई क्षमा दिनुभयो।

**तपाईंको विद्यार्थी संख्या....................." "**

# परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ

# अन्तिम प्रश्नहरू

**निर्देशनहरू:**

१. यो पुस्तकलाई हाम्रो कार्यालयमा फेरि नफर्काउनुहोस्।
२. यस उत्तर पृष्ठलाई मात्र पठाउनुहोस्।
३. यी प्रश्नहरूका उत्तर दिँदा तपाईंले पाठहरूलाई दोहोऱ्याई पढ्न सक्नुहुन्छ।

दिइएका उत्तरहरूमध्ये ठीक उत्तरहरूको मुनि धर्को तान्नुहोस्।

**१. (पाठ १)**

यी पाठहरू किन लेखिएका हुन्?

**क.** तपाईंले आफ्नो विषयमा अझै जान्नुभएको होस् भनी सहायता पुऱ्याउन।
**ख.** परमेश्वरलाई चिन्न र उहाँलाई प्रेम गर्नलाई सहायता पुऱ्याउन।
**ग.** असल र खुशी हुनलाई सहायता पुऱ्याउन।

**२. (पाठ २)**

परमेश्वरले विश्वलाई कति दिनमा सृष्टि गर्नुभयो?

**क.** ३ दिन
**ख.** ७ दिन
**ग.** ६ दिन

**३. (पाठ ३)**

पहिलो मानिस आदमले के गरे?

**क.** कुनै पनि काम गरेनन्।
**ख.** मिलनसार जनावरहरूसँग खेलकुद गरे।
**ग.** सुन्दर बगैंचाको हेरचाह गरे।

४. (पाठ ४)
के कुराले आदम र हव्वालाई परमेश्वरबाट अलग गरायो?
क. पाप
ख. सुन्दर फूलहरू
ग. प्रेम

५. (पाठ ४)
भूल गर्नेहरूलाई पनि परमेश्वरले के अझै प्रेम गर्नुहुन्छ?
क. हो
ख. होइन, प्रेम गर्नुहुन्न
ग. कहिलेकहीं

६. (पाठ ५)
अरूहरूलाई गलती किसिमले व्यवहार गर्नेहरूलाई परमेश्वर के गर्नुहुन्छ?
क. बिर्सनुहुन्छ
ख. आशिष दिनुहुन्छ
ग. दण्ड दिनुहुन्छ

७. (पाठ ५)
कसले आफ्नो भाइलाई मार्‍यो?
क. आदम
ख. हाबिल
ग. कयिन

८. (पाठ ६)
नमरिकनै स्वर्ग जाने को थिए?
क. कयिन
ख. आदम
ग. हनोक

९. (पाठ ८)

जहाजको बाहिर बस्ने मानिसहरूमध्ये कति जना बाँचेका थिए?

क. सबै

ख. दश

ग. कोही पनि बाँचेन

१०. (पाठ ९)

तपाईंले कससँग प्रार्थना गरेको परमेश्वर चाहनुहुन्छ?

क. मानिसहरूले बनाएका देवहरू

ख. परमप्रभु परमेश्वर

११. (पाठ ९)

परमेश्वरको होइन तर आफ्नो आज्ञापालन गर्न कसले कर लगाए?

क. नूह

ख. निमरोद

ग. कयिन

१२. (पाठ १०)

कसलाई आशिष दिन्छु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो?

क. अब्राहाम

ख. निमरोद

ग. कयिन

१३. (पाठ १०)

अब्राहाम कहाँ जन्मेका थिए?

क. कनान

ख. बाबेल

ग. ऊर

१४. (पाठ ११)

"परमेश्वरका थुमा उहाँनै हुनुहुन्छ" भनी कसले भनेको थियो?

**क.** यूहन्ना
**ख.** अब्राहाम
**ग.** नूह

१५. (पाठ १३)

तपाईंलाई दुःख दिएका मानिसहरूलाई के गर्नको लागि परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ?

**क.** क्षमा दिन
**ख.** दुःख दिन
**ग.** तिनीहरूलाई प्रेम गर्न

१६. (पाठ १४)

येशू ख्रीष्टमा विश्वास गर्ने हरेकले के पाउँछ?

**क.** अनन्त जीवन पाउँछ।
**ख.** खुशीयाली प्राप्त गर्छ।
**ग.** तिनीहरूका प्रार्थनाको उत्तर प्राप्त गर्छन्।

परमेश्वरलाई अझै चिन्न र अनन्त जीवन पाउनको निम्ति तपाईंले गर्नुपर्ने तीन कुराहरू के के हुन्?

१ ..........................................................................

२ ..........................................................................

३ ..........................................................................

**यसलाई भरेर प्रमाणपत्रको निम्ति**
**तलको ठेगानामा पठाउनु होस**


इन्टरनेशनल करेस्पोण्डेन्स इन्स्टिटच्यूट
The Assembly of God Church
Post Box - 26
DARJEELING - 734 101

• आफूले बिराएको छु भनी एसावसँग क्षमा माग्न परमेश्वरले याकूबलाई सहायता गर्नुभयो। •
याकूबलाई क्षमा दिनको निम्ति परमेश्वरले एसावलाई सहायता गर्नुभयो।
तब ती दाज्यू-भाइहरू असल मित्र बने।

**"मैले भूल गरें" भन्नलाई परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ।**

आफू दुष्ट भएकोमा के तपाईंले कहिल्यै दिक्दारीको अनुभव गर्नुभएको छ?
हुनसक्छ, तपाईंले कसैप्रति गलती व्यवहार गर्नुभयो होला।
परमेश्वरले तपाईंलाई क्षमा दिएको र आशिष दिएको तपाईं चाहनुहुन्छ।
मैले भूल गरें भनी तपाईंले प्रभुलाई बताउनुपर्छ।
तपाईंले जस जसको चित्त दुखाउनुभएको छ "मैले भूल गरें" भनी ती व्यक्तिहरूसँग पनि क्षमा माग्न तयारी हुनुपर्छ।
• परमेश्वरले तपाईंलाई क्षमा दिन र सहायता गर्न चाहनुहुन्छ। •
अरूहरूसँग फेरि मित्र बन्नको लागि परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ।



**यो प्रार्थनालाई कण्ठ गर्नुहोस्।**

मैले अरूहरूप्रति गरेको
भूलको निम्ति हे प्रभु मलाई
क्षमा दिनुहोस्, म प्रार्थना
गर्छु। मैले भूल गरें भनी
उनीहरूसँग भन्न मलाई
सहायता गर्नुहोस्। आज फेरि
हामीहरूलाई मित्रहरू
बनाउनुहोस्।



**प्रश्नका उत्तरहरू**

१. हनोक २. नूह ३. कयिन ४. परमेश्वरको आशिष